मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ☎ ०५३-५५०१७३
कलैया, बारा
vhlsec.bara@gmail.com

मितिः २०८३।०४।०७

सूचना नं.: १

## सूचिकृत हुने सम्बन्धमा

उपरोक्त सम्बन्धमा यस कार्यालयको आ.व. २०८३।०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस कार्यालयलाई आवश्यक पर्ने तपसिलका कुनै एक वा एक भन्दा धेरै वस्तु तथा सेवा उपलब्ध गराउन ईच्छुक एवं योग्यता पुगेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट तपसिलका कागजात सहित सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ को (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ संशोधन सहितको नियम १८ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। तोकिएको योग्यता पुगेका ईच्छुक फर्म, कम्पनी, संघ, संस्था, आपूर्तिकर्ता, व्यवसायी, परामर्शदाता आदिबाट आफूले सूचिकृत हुन चाहेको विषय खुलाई कार्यालय समय भित्र रीतपूर्वक तपसिलका कागजात सहित यस कार्यालयमा वा ईमेल मार्फत निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

१. स्टेशनरी तथा कार्यालय मसलन्द, रिचार्ज सामाग्री वा सेवा आपूर्ति
२. कम्प्यूटर एवं विद्युतीय सामाग्री सम्बन्धी परामर्श, आपूर्ति तथा मर्मत
३. छपाई (कपी ,पोष्टर, किताब, प्रमाण पत्र र क्यानभास ब्यानर) सम्बन्धी र मायाको चिनो, होर्डिङ्ग बोर्ड लेखन कार्यहरू
४ पत्रपत्रिका उपलब्ध गराउने, पत्रिकामा विज्ञापन, सूचना तथा सन्देश प्रसार गर्ने
५. कृषि औजार/कृषि सामाग्री, पशुपन्छी उपचारसँग सम्बन्धित औषधी, कीटनाशक औषधी, पशुपन्छी रोग नियन्त्रण सामाग्री तथा औषधी एवं औषधीजन्य सामग्री लगायतका विविध सामग्रीहरु गर्ने
६. प्रयोगशाला सामाग्री, यन्त्र उपकरण एवं कृषि यान्त्रिकरणका सामाग्रीहरु
७. ईन्धन आपूर्ति/ग्याँस आपूर्ति
८. सवारी साधन मर्मत सम्बन्धी कार्य
९. अन्य परामर्श, सफ्टवेयर तथा सप्लाई सम्बन्धी कार्य
१०. दुईपाङ्ग्रे तथा चारपाङ्ग्रे सवारी साधन मर्मत सम्भार तथा पार्टपुर्जा आपूर्ति गर्ने कार्य
११. फर्निचर (दराज, टेबल, कुर्सि आदि) तथा फर्निसिङ्ग (कार्पेट, कुसन, पर्दा कपडा आदि) सामानहरू आपूर्ति गर्ने कार्य
१२. खाजा र खाना खुवाउने सम्बन्धी सेवा प्रदान गर्ने कार्य
१३. ब्याग, कम्बल, त्रिपाल तथा किटनाशक झुल, कपडाका तयारी सामान आपूर्ति
१४. प्राथमिक उपचार तथा मेडिकल औजार सामाग्रीहरू, विपद् व्यवस्थापनसँग सम्बन्धित वस्तु/सेवा आपूर्ति कार्य
१५. पूर्वधार सम्बन्धी निर्माणकर्ताहरू जस्तैः विभिन्न भौतिक पूर्वाधार निर्माण तथा सुदृढीकरण (भवन निर्माण, शौचालय निर्माण, खाने पानी निर्माण तथा सुदृढीकरण सम्बन्धी)
१६. हार्डवेयर (कर्कट पाता, सिमेन्ट, रड/ग्रील, रङ्ग रोगन, शौचालयका (प्लम्बिङ्ग, पानी सप्लाई सम्बन्धी समाग्री/उपकरणहरु) आपूर्ति

**आवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः**

१. सूचिकृत हुन चाहेको विषय, क्षेत्र तथा आपूर्ति वा सेवा दिन सक्ने वस्तुको प्रकार खुल्ने निवेदन
२. फर्म, संस्था वा कम्पनी दर्ता तथा नविकरण प्रमाण पत्रको प्रतिलिपी
३. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र तथा मूल्यअभिवृद्धि (VAT) दर्ता प्रमाण पत्रको प्रतिलिपी
४. गत आ.व. सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
५. कारोवारको लागि ईजाजत पत्र वा नविकरणको प्रतिलिपी

२०८३।४।६
कार्यालय प्रमुख